# पोखरा विश्वविद्यालय
## व्यवस्थापन संकाय
## घरभाडामा लिने सम्बन्धी सूचना
## प्रथम पटक प्रकाशित मिति २०७३।१२।३१

यस विश्वविद्यालयको व्यवस्थापन संकाय अन्तर्गत संचालनमा रहेको स्कूल अफ बिजनेसको बिस्तारित कार्यक्रमको रुपमा सन्ध्याकालीन एक्ज्युकेटिभ एम बि ए संचालनका लागि देहायका उल्लेखित क्षेत्रमा तोकिएको न्युनतम सुविधा भएको घर कम्पाउण्ड आवश्यक भएकोले भाडामा दिन ईच्छुक घर धनीले जग्गा धनी प्रमाण पुर्जा, निर्माण सम्पन्न प्रमाणपत्र, एकीकृत सम्पत्ती कर तिरेको रसिदको छायाँप्रति र नागरिकता प्रमाणपत्रको छाँयाप्रति सहित संलग्न गरि मिति २०७४।०१।१५ गते भित्र पोखरा विश्वविद्यालय, व्यवस्थापन संकाय, स्कूल अफ विजनेसमा निवेदन दिन सम्बन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । निवेदनको ढाँचा कार्यालय तथा पोखरा विश्वविद्यालयको वेभसाईट www.pu.edu.np बाट समेत प्राप्त गर्न सकिने छ ।

**कलेजको भौगोलिक अवस्थिति:** १. पूर्वमा अमरसिंहचोक हुँदै रानीपौवा , २. उत्तरमा महेन्द्रपुल, नदिपुर हुँदै हरिचोक (टुडिखेल), ३. पश्चिममा बाग्लुङ्ग जाने राजमार्ग , ४. दक्षिणमा विरौटा चोक, पार्दी भित्रको स्थान ।

**आवश्यक न्युनतम सुविधाको विवरण:**

१. कक्षा संचालनका लागि उपयुक्त हुने कम्तिमा ४ कोठा
२. प्रशासनिक कोठा कम्तिमा ४ वटा
३. कम्तिमा ६० जनाको क्षमता भएको १ सेमिनार हल
४. सुरक्षागार्ड १ कोठा
५. शौचालय कोठा कम्तिमा ४ वटा
६. कम्तिमा ८ हजार लिटरको पानी ट्याङ्कीको व्यवस्था सहित खानेपानीको सुविधा
७. पार्किङ्ग प्रयोजनका लागि कम्तिमा एक रोपनी जग्गा उपलब्ध हुनुपर्ने

**शर्तहरु**

१. घरभाडाको हकमा भाडा निर्धारण समितिले तोकेबमोजिम हुनेछ ।
२. भाडा भुक्तानी गर्दा नियमानुसार करकट्टी गरि भुक्तानी गरिनेछ ।


**सम्पर्कका लागि:**

व्यवस्थापन संकाय, स्कूल अफ बिजनेस, पोखरा विश्वविद्यालय
ढुङ्गेपाटन, लेखनाथ, कास्की
फोन नं. ०६१५६१५४७


संयोजक

घरभाडा सिफारिश समिति